☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

पत्र संख्या : प्र.०७६/७७

## प्रेस विज्ञप्ती

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

निर्णयहरु :-

१. COVID-19 Crisis Management Centre छाउनी काठमाण्डौंको प्रेस विज्ञप्ति नं. २७ मिति २०७७/०३/०५ गतेको प्राप्त विज्ञप्ति अनुसार वागमती प्रदेशमा आउने साउदी अरबबाट ४१ जना, UAE बाट ६९ जना, कुवेतबाट ५२ जना, कतारबाट ३ जना, प्रेस विज्ञप्ति नं. २९ मिति २०७७/०३/०६ गतेको विज्ञप्ति अनुसार दक्षिण कोरियाबट ६९ जना, कुवेतबाट ४३ जना, बंगलादेशबाट ५३ जना, मिति २०७७/०३/०६ गते कुवेतबाट आउने १५० जना मध्ये यस जिल्लामा आउने नागरिकहरु र मिति २०७७/०३/०६ गते मलेसियाबाट आउने यस जिल्लाका ३ जना नागरिकहरुलाई सम्पर्क उप-समिति मार्फत काठमाण्डौंबाट ल्याई तत् तत् स्थानीय तहहरुले व्यवस्थापन गरेका क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने/गराउने ।

२. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र, छाउनी काठमाण्डौंको प.स. ०७६/७७ मिति २०७७/०३/०६ गतेको पत्रानुसार CCMC निर्देशक समितिको मिति २०७७/०३/०५ गतेको निर्णय कार्यान्वयन गर्ने/गराउने भनी लेखि आएकोमा यस जिल्लासंग सम्बन्धित विषयमा उक्त निर्णयमा भएका बुँदाहरुलाई यस जिल्ला मातहतका निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने/गराउने ।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ४३५६ मिति २०७७/०३/०५ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णयानुसार हालसम्म जारी रहेको बन्दाबन्दी (लकडाउन) लाई परिमार्जन सहित कार्यान्वयनका लागि तर्जुमा गरिएको "बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७" को कार्यान्वियनका सम्बन्धमा लेखि आएकोमा उक्त सुरक्षा मापदण्डमा उल्लेखित विषयहरुलाई यस जिल्ला मातहतका निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने/गराउने ।

४. COVID-19 Crisis Management Centre छाउनी काठमाण्डौंको प्रेस विज्ञप्ति नं. २८ मिति २०७७/०३/०६ गतेको प्राप्त विज्ञप्ति अनुसार नेपाली सेना मार्फत सरकार-सरकार (G to G) विधिबाट खरिद भएका औषधी, उपकरण र स्वास्थ्य सामग्रीहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा तयार पारिएको वितरण योजना बमोजिम परिशिष्ट क र ख को विवरण अनुसारका सामग्रीहरु प्रदेश, जिल्ला तथा कोभिड Dedicated Level I, II र III अस्पतालहरुमा पठाइएको व्यहोरा उल्लेख भई आएको व्यहोरा बैठकमा अवगत भयो ।

निवेदन/1

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३

पत्र संख्या : प्र.०७६ / ७७

५. यस जिल्लामा समेत संक्रमितहरु संख्या क्रमशः बढीरिकाले हाल क्षेत्रीय क्वारेन्टाइनहरुको रुपमा सञ्चालित दुवै क्वारेन्टाइनहरुलाई क्रमशः आइसोलेसन केन्द्रमा परिणत गर्ने र सबै स्थानीय तहहरुलाई स्थानीय तहमै आवश्यकतानुसार क्वारेन्टाइन निर्माण गर्न अनुरोध गर्ने ।

६. काठमाण्डौं उपत्यका प्रवेश गर्न खोज्ने नागरिकहरुलाई अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने सम्बन्धी जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंले काठमाण्डौं जिल्लाका स्थानीय तहहरुलाई पत्राचार गरी सबै जिल्ला प्रशासन कार्यालयहरुलाई बोधार्थ दिएको च.नं. २५२८ मिति २०७७/०३/०७ गतेको पत्रको व्यहोरा बैठकमा अवगत भयो ।

७. गृह मन्त्रालय (निजामती कर्मचारी प्रशासन शाखा) को च.नं. १८३५ मिति २०७७/०३/०७ गतेको कार्यालयहरु सञ्चालन सम्बन्धि पत्रको व्यहोरा अवगत भई पत्रमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्ने ।

८. चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोकको चलानी नं. १८०५ मिति २०७७/०३/०७ गतेको पत्रद्वारा नगरपालिका भित्रका व्यक्तिहरु विदेशबाट आउने क्रम बढीरहेकोले निजहरुलाई राख्न थप क्वारेन्टाइन आवश्यक देखिएकोले जुगल बहुमुखी क्याम्पस, साँगाचोकलाई क्वारेन्टाइनका रुपमा व्यवस्थापन गर्न लेखि आएकोले नगरपालिकाले व्यवस्थापन गर्ने उक्त क्वारेन्टाइनलाई व्यवस्थापन गर्न आवश्यक सहयोग गर्ने ।

९. यस जिल्लाको मेलम्ची नगरपालिका वडा नं. १२ स्थित बाहुनेपाटी स्वास्थ्य केन्द्रलाई यस जिल्लाको लागि Dedicated कोरोना हस्पिटलको रुपमा आर्थिक र प्राविधिक जनशक्ति समेत व्यवस्थापन गरी व्यवस्थापन र संचालन गर्न धुलिखेल अस्पताल, काभ्रेपलाञ्चोकलाई अनुरोध गर्ने ।

१०.हाल जिल्लामा कोभिड-१९ संक्रमीतहरुको संख्या वृद्धि हुदै गइरहेकोले हाल संचालित आइसोलेसन कक्षहरुलाई थप व्यवस्थीत गर्दै थप आइसोलेसन कक्षहरु पनि व्यवस्था गर्नुपर्ने भएकोले आइसोलेसन कक्ष संचालन गर्न आवश्यक उपकरण तथा सामाग्रीहरु व्यवस्थाको लागी स्वास्थ्य कार्यालय मार्फत सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

मितिः २०७७।०३।०७

........................
बाबुराम खनाल
स.प्र.जि.अ.